# हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ)
## (वार्षिक प्रतिवेदन २०७७/०७८)




कावासोती नगरपालिका २, नवलपरासी
ई-मेल : hicodef@ntc.net.np
वेभ साइट: www.hicodef.org.np
फोन नं. ०७८- ५४०१७२/५४०२१२

# प्राक्कथन

गत बर्ष देखी संसारलाई नै त्रसित बनाईरहेको कोभिड-१९ महामारीले यस वर्षको पनि लामो अवधिसम्म सताई नै रह्यो । यसै सन्दर्भमा हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ) पनि सरकारको घोषणा अनुरुप आफ्नो कार्यक्रमलाइ भिन्न रुपले अगाडी बढाउनु परेको थियो । फलस्वरुप २२ वैशाख २०७८ देखी ऐ. असार अन्त्य सम्म भौतिक रुपमा फिल्डमा हुने खालका काम पूर्णरुपले स्थगन गरिएको थियो । यस अवधिमा पनि दुरीमा रहेर संचारका विभिन्न माध्यमबाट गर्न सकिने कामहरुलाई भने निरन्तरता दिईएको थियो । यस वर्ष हिकोडेफलाई काम गर्ने शिलशिलामका द ग्लेसियर ट्रष्ट, एक्सन अगेन्स्ट हंगर, हेफर ईन्टरन्यासनल, हेल्भेटास सामी तथा हेल्भेटास टि बि यस यु जस्ता संस्थाहरुले गरेका कामलाई निरन्तरता दिईयो । यसको अलावा यसै अवधिमा यु एस एड (तयार नेपाल) को साझेदारीमा नवलपरासी पश्चिमको सुनवल नगरपालिकामा छोटो समयको आर्थिक पुर्नलाभ कार्यक्रम पनि सम्पन्न गरियो ।

हिमालयन सामुदायिक विकास मन्चले विभिन्न साझेदार संस्थाहरुको सहकार्यमा संचालन गरेको एकिकृत विकासका कार्यक्रमहरुद्धारा समुदायका सवै गरिब, दलित, महिला, बालबालिका, मधेसी तथा सिमान्तकृत परिवारहरुलाई विकासका मुलधारमा ल्याउने र वन वातावरण, जिविकोपार्जिन, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभुत आवश्यकताहरुमा पहुँचको सृजना गरी समुदायको आधारभुत आवश्यकताको परिपुर्तिका साथै सामाजिक विभेद कम गर्ने दुई दशक देखीको प्रयास लाई यस विषम परिस्थितिमा पनि निरन्तरता दिइएको छ । यसले पनि सिमान्तकृत समुदायको न्यायोचित पहुँचमा योगदान पुर्याउनका लागि पनि संस्था कटिबद्ध छ भन्ने कुरा पुष्टि गर्न थप मद्दत गर्दछ ।
कोभिड १९ को त्रास अझै समाप्त भएको छैन, तत्कालका लागि केही मत्थर देखिएपनी कुनबेला विकराल रुप लिन्छ भन्ने डर हामी सबैमा कायमै छ । यसै सर्न्दर्भमा हिकोडेफले ब्र्र्ाँ को सहयोगमा नवलपरासी पूर्व जिल्ला का ८ वटै स्थानीय निकाय लगायतका सर्म्पूण स्वास्थ्य संस्थाहरुमा कोभिड प्रतिकार्यका लागि आवश्यक सूचना तथा स्वास्थ्य सामाग्री हरुको वितरण गरेको छ ।

हिकोडेफ परिवार यस सामाजिक अभियानमा हामीलाई आर्थिक, भौतिक, नैतिक सहयोग पुऱ्याउनु हुने सम्पुर्ण सहयोगी सरकारी तथा गैरसरकारी संघसंस्था तथा ब्यक्ति तथा समुदायमा हार्दिक कृतज्ञता ब्यक्त गर्दछ । साथै यहाँहरुको सहयोग तथा सद्भावले यस संस्थाले लिएको परिकल्पना अनुसार गरिबी, शोषण तथा उत्पिडन रहित सुन्दर समाज सृजना गर्न हाम्रो प्रतिवद्धता तर्फ कटिबद्ध रहन हामीलाई सदैब प्ररित गर्दछ । विश्वास छ, आगामी दिनमा पनि हाम्रा विचको आपसी सहयोग तथा यो सामिप्यता कायमै रहने छ ।

# पृष्ठभूमीः

विपन्न तथा सिमान्तकृत समुदायको अधिकार, उनीहरुको जीविकोपार्जन तथा प्रत्यक्ष विकास निर्माणका साझा सवाल/समस्याहरुका विषयमा आवाज उठाउँदै पछाडि पारिएको र दुर्गम क्षेत्रलाई प्राथमिकता दिदै २०५५ साल देखी हिकोडेफले आफ्ना विभिन्न खालका परियोजनाहरु सञ्चालन गर्दै आईरहेको छ । यसरी स्थानीय स्तरमा परिचालन गरिएका कृयाकलापहरुको प्राप्त उपलब्धी, अवसर, भोगिएका नयाँ समस्याहरु, चुनौति र सिकाइहरुलाई समेटेर प्रत्येक कार्यक्रमको बेग्लाबेग्लै प्रतिवेदन सम्बन्धित निकायमा नै पेश गर्ने गरिन्छ । यो वार्षिक प्रतिवेदन चाहिँ समग्र रुपमा हिकोडेफले २०७७ साउन देखी २०७८ असार सम्म गरेका काम र अनुभवको ऐतिहासिक सिकाई सामाग्री हुने गरी बार्षिक प्रतिवेदनको रुपमा लिखित गरेर राखिएको छ ।

यस बर्ष पनि विश्वव्यापी रुपमा फैलिंदै गईरहेको कोरोना भाइरस (कोभिड-१९) को महामारीका कारण नेपाल आम नेपालीहरुको स्वास्थ्य र जीविकोपार्जनमा प्रत्यक्ष तथा परोक्ष रुपमा गम्भिर असर पऱ्यो । यसबाट बच्नका लागि नेपाल सरकारले लागू गरेको नियम पालना गर्नु गराउनु र आफ्ना कर्मचारीहरुको स्वास्थ्य प्रति सचेत हुनु संस्थाको जिम्मेवारी समेत भएकोले संस्थाका आफ्ना फिल्ड गतिविधीहरु बन्द गरी घरैबाट काम गर्ने व्यवस्था गरियो । जोखिममा परेको र यसबाट बच्नका लागि सामाजिक सचेतना जगाउने र प्रत्यक्षरुपमा स्वास्थ्य सम्बन्धि र खाद्यान्नहरु विपन्न वर्गलाई राहत वितरण गर्नु हिकोडेफले पनि आफ्नो दायित्व महशुश गरि आफ्नै सदस्यहरु र दातृ निकायहरुसँगको समन्वमा सहयोग गरिरहेको छ । **यसरी काम गर्दै जाने क्रममा यस वर्ष संस्थाले कोभिड १९ का कारण आफ्नो कार्यकारी निर्देशक लाई नै गुमाएको छ । यो गहन पिडा महशुश गर्दै सावधानीपूर्वक पुनः अन्य गतिविधीहरुलाई निरन्तर सञ्चालनमा ल्याईएको छ । हिकोडेफ परिवार स्व. शूरवीर स्थापित प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।**

## संस्थाको परिचयः

## संस्थाको परिकल्पना (VISION):

- हिकोडेफले त्यस्तो समाजको परिकल्पना गरेको छ जहां कुनै प्रकारको भेदभाव, शोषण, उत्पीडन र गरीवी हुदैन र प्रत्येक मानिसले मर्यादित जीवन यापन गर्न पाउंछन् ।

## संस्थाको परिलक्ष्य :(MISSION)

- सामुदायिक सशक्तिकरणको प्रक्रियाबाट कुनै प्रकारको भेदभाव, शोषण र गरिवी नभएको समाजको सृजना गर्न सहयोग पुऱ्याउनु नै हिकोडेफको लक्ष्य हो ।

## संस्थाको मुल्य/मान्यता (VALUE):

समादार–समता–पारदर्शिता–गुणस्तरीता–उत्कृष्टता–तटस्थता

### संस्थाको उद्देश्यहरुः

- सहभागिमुलक पद्धतिबाट एकिकृत सामुदायिक विकास कार्यक्रम संचालन गर्ने
- समुदाय तथा अन्य संघ संस्थाको आवश्यकता अनुसार सामाजिक अनुसन्धान गर्ने
- अन्य समान उद्देश्य बोकेका संघ संस्थाहरुसंग हातेमालो गरी आफ्नो सामुदायिक विकास कार्यहरुबाट प्राप्त अनुभवको आधारमा गरिब, दलित, महिला, बालबालिका एवं उपेक्षित पछाडी पारिएका समुदायको लागि वकालात/पैरवी गर्ने

- समुदाय तथा स्थानीय संघ संस्थाहरुको आवश्यकता अनुसार क्षमता अभिबृद्धी तालिमहरु संचालन गर्ने

## संस्थाको रणनीतिक कार्य शैली:

क) शसक्तिकरण
ख) वकालत तथा पैरवी
ग) साझेदारी
घ) सहभागिमुलक
ङ) अधिकार जन्य पद्दती
च) आकस्मिक राहत
छ) लैंगिक तथा बालबालिका संवेदनशिलता

यस वर्ष कायम रहेको साधारण सदस्यता विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | मधेशी | अन्य |
|---|---|---|---|---|---|---|
| ३० | ३८ | **६८** | ६ | ३५ | ३ | २४ |

कार्यकारिणी समिति विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | मधेशी | अन्य |
|---|---|---|---|---|---|---|
| ५ | ४ | **९** | १ | ३ | १ | ४ |

यस वर्ष कार्यरत कर्मचारी विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | मधेशी | अन्य |
|---|---|---|---|---|---|---|
| २० | २५ | **४५** | २ | १६ | ० | २७ |

**आ.व.२०७७/०७८ को संस्थाको मुख्य कार्यक्षेत्र:** नवलपरासी ब.सु.पू. र नवलपरासी ब.सु.प.(साविकको नवलपरासी जिल्ला) का सबै नगरपालिकाहरु र गाउँपालिकाहरु ।

**आ.व.२०७७/२०७८ मा सञ्चालन भएका परियोजनाहरु तथा साझेदारिता**

- जलवायु अनुकुलनका लागि तले खेति परियोजना ( LFAP )– The Glacier Trust
- सुरक्षित आप्रवासन परियोजना (SAMI) –Helvetas
- कोभिड-१९ पछिको आर्थिक पुर्नलाभ कार्यक्रम-- Tayar Nepal, USAID
- सामुदायिक झोलुङ्गे पुल - नेपाल सरकारका स्थानीय तहहरु
- पशु वस्तुको मुल्य श्रृंखलामा आधारित साना किसानहरुको संस्था सवलिकरण परियोजना (SLVC-II)– Heifer International Nepal
- सामुदायिक रुपान्तरणका लागि खानेपानी सरसफाई तथा स्वच्छता (WASH) परियोजना – Action Against Hunger, ACF

# कार्यक्रमहरुको विस्तृत प्रगती विवरण:

## १. अनुकुलनका लागि तले खेती कार्यक्रम (LFAP)

### पृष्ठभुमी

हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ) ले संचालन गरेको विभिन्न सामुदायिक विकासका परियोजनाहरु मध्ये ***अनुकुलनका लागि तले खेति परियोजना ( Layer Farming for Adaptation Project )*** पनि एक हो । बेलायत स्थीत गैर सरकारी संस्था The Glacier Trust को आर्थिक सहयोगमा विगत 15 Sep, 2019 बाट संचालीत यस परियोजना नवलपरासी जिल्ला सुस्ता पुर्व, हुप्सेकोट गाउँपालिकाको वडा नं ४ रिपाहा र वडा नं ५ बसेनीमा तथा बौदिकाली गाउँपालिका वडा नं ६ लाहापेमा संचालित छ। जीविकोपार्जन सुधार खाद्य सुरक्षा र जलवायु अनुकुलनका लागि उच्च मुल्य बाली उत्पादन र बजारिकारणमा जोड दिने प्रमुख लक्ष्यका साथ यस कार्यक्रम संचालन गरिएको हो । यस परियोजनामा किसानको जीविकोपार्जनको मुख्य क्रियाकलापको रुपमा कफी खेतीलाई थप व्यवसायिक बनाउने गर्रि अगाडि सारिएको छ साथै तले खेति र घुसुवा बालीको रुपमा तरकारी तथा फलफुल र अन्य खेतिको अभ्यास पनि गरिएको छ। साथै वातावरणीय सरसफाइ र जलबायु अनुकुलनका विषयमा यस क्षेत्रका विद्यालयका बालबालिकाहरुलाई सहभागी गराइ विद्यालयमा सरसफाइ, अनुकुलनका क्रियाकलाप, कफी रोपण जस्ता कार्यक्रममा बालबालिकाका संलग्नता बढाइएको छ ।

### उद्देश्यहरु:

यस परियोजनाको उद्देश्यहरु निम्नानुसार रहेको छ

- परियाजना क्षेत्र भित्रका कृषकहरुलाई कृषक समुहमा आवद्ध गर्दै यी ३ ओटा कृषक समुहका कम्तीमा ९० जना कृषकहरुमा कफी खेति सम्वन्धि क्षमताको विकास गर्ने ।
- व्यवसायिक कफी खेति संचालनका लागि आवश्यक पर्ने औजार, विउविजन तथा विरुवा वितरण, समन्वय तथा वजारिकरणका लागि सहयोग तथा व्यवस्थापन गर्ने ।
- कार्यक्षेत्रका आधारभुत विद्यालयहरुका बालबालिहरुलाई वातावरण संरक्षण तथा जलबायु परिवर्तन अनुकुलन शिक्षामा सहभागी गराइ वातावरण सरसफाई, जलवायु अनुकलनका व्यावहारिक अभ्यासहरु गराउने ।
- कृषकहरुलाई आधुनिक कृषि प्रविधिको ज्ञान दिन, स्थलगत अभ्यासमा सहयोग गर्न स्वयम सेवी ओ.जे. टी. जे. टि. य. हरुको परिचालन गर्ने र राज्यमा थप दक्ष कृषि मानव श्रोतको विकास सहयोग पुऱ्याउने ।

### सम्पन्न गरिएका क्रियाकलाप तथा उपलब्धिहरु

**OJT अभिमुखिकरण तथा ओ. जे. टी . परिचालन:**

यस कार्यक्रममा कृषकहरुलाई प्रत्यक्ष प्राविधिक सल्लाहका लागि ६ जना OJT कृषि प्राविधिकहरुलाई परिचालन गरियो । त्यसमध्ये २ जना महिला हुप्सेकोट ४ रिपाहामा र ४ जना (२ महिला २ पुरुष) जेटिए ओ जे टी स्वंयमसेवक बौंदीकाली ६ लाहापेमा परिचालित भए । वहाँहरुलाई कार्यस्थलमा परिचालन गर्नु अगाडी एक दिने अभिमुखीकरण गरि कार्यस्थलमा खटाइएको थियो । यस अभिमुखिकरणमा Layer Farming for Adaptation Project को बारेमा जानकारी गराउनाका साथै समुदायमा काम गर्ने तौरतरिका र कार्यालयको नीतिनियमको बारेमा जानकारी गराइएको थियो । स्वयंसेवकहरुको शिप निखार्नलाई परियोजनाबाट संचालित कृषक स्तरको कफी खति तालिममा पनि सहभागि गराईयो ।



**फिल्डमा अभ्यास गर्दै ओ.जे.टी .स्वयमसेवीहरु**

## कफी कृषकको अवलोकन भ्रमण :

यस परियोजना क्षेत्रका कफी कृषकहरुमा कफी खेति प्रति थप प्रोत्साहान गर्न, कफी कृषकहरुको संस्थागत विकासका अवधारणको जानकारी गराउन र कफी बजारहरुको पहुँच विस्तार गर्न र सम्पर्क समन्वय विस्तार गर्ने उद्देश्यले यस क्षेत्रको प्रतिनिधि सक्रिय कृषकहरुका लागि ४ दिने कफी कृषक अवलोकन भ्रमण संचालन गरियो । काठमाडौं, ललितपुरका कफी कम्पनि, कफी सहकासी सस्था तथा कृषक र कृषक समुहमा भ्रमण गराइएका यस भमणमा कुल ११ जनाको (२ महिला, ९ पुरुष) सहभागिता रहेको थियो । यस कार्यक्रममा कृषकहरुलाई कफी खेती प्रक्रिया, कफी पार्चमन्ट प्रोसेसिङ्ग प्रक्रिया, भण्डारण प्रक्रिया, विक्री वितरण र बजार मुल्यका विषयमा प्रत्यक्ष अवलोकन , छलफल, अन्तरक्रिया गराइएको थियो । जसका कारण कृषकहरु कफी खेति, उत्पादन देखि बजारिकणका विषयका स्पष्ट भएका छन् र सहज हिसावले आफुले उत्पादन गरेका कफी पार्चमन्ट सहज हिसावले विक्री वितरण गर्न सक्ने भएका छन् ।





**सहभागीहरुबाट कफी बगैचा तथा पल्पीङ्ग केन्द्र अवलोकन**

## कफी खेति तालिम




यस अवधिमा हुप्सेकोट ४ रिपाहा, हुप्सेकोट ५ बसेनीका तथा बौदीकाली गा.पा. ६ लाहापेमा गरि ३ स्थानमा २/२ दिने ३ ओटा कफी खेति तालिम संचालन गरियो । कफीको व्यवसायिक खेति तथा बगैचा स्थापना लामो समयको अनुभव रहेका कृषक स्तरका प्रशिक्षक श्री मिठाराम जमकटेलद्धारा प्रशिक्षण दिइएको यस तालिममा यी तीनै स्थानका गरि ९६ ( ५८म र ३८पु) जना सहभागिहरु तथा ५जना ओ.जे. टी. स्वयमसेवक सहभागि भए ।

## कफी पार्चमेन्ट तयारि विक्री सहजीकरण

यस कार्यक्रम संचालन हुनु भन्दा अगाडी यस क्षेत्रमा लगाइएका कफी चेरी बोटमै पाकेर झरेर जाने अवस्था र कसै कसैले टिपेहाले पनि प्रशोधन प्रक्रिया नजानेर कमै मात्रामा कफीको पार्चमेन्ट तयार हुने गर्दथ्यो । कफि तालिमा भएको छलफलको फलस्वरुप हाल सम्म कुनै परिमाणमा कफी पार्चमेन्ट विक्री नगरेका कृषकहरुमा लाहापेका १५ जना, बसेनीका १० जना र रिपाहाका ५ जना गरि कुल ३० जना कृषकहरुले करिव ८४.५ के.जी. कफी पार्चमेन्ट विक्री गर्न योग्य हुने गरि तयार गरेर ३० के.जी स्थानिय क्षेत्रबाट प्रति के.जी रु ४००। का दरमा र ५४.५के.जी. काठमाडौंका लगि प्रति के.जी रु ५००। का दरमा विक्री गर्न सफल भएका छन् ।



कफी पार्चमेन्ट विक्री पछि रकम हस्तान्तण

## कफी विरुवा रोपण सहयोग

यस अवधिमा परियोजनाको सहयोगमा स्थापना भएको नर्सरीहरुबाट कफी विरुवा उपलब्ध गराइ वसेनी, रिपाहा र लाहापेका ३ ओटा कृषक समुहका ५० कृषकहरुले (१ दलित र ४९ जनजाति ) थप २४६० कफीको विरुवा रोपण गरेका छन् समुदायका यी कृषकहरुले आफ्नै तर्फबाट कफी विरुवा व्यवस्थापन गरि रोपण गर्ने क्रम पनि अझै जारि छ। यसरी गत साल र यस साल गरि ९२ कृषकले ५७१५ (३२५५+२४६०) कफीका विरुवाको रोपण गरेको छन् । यसरी रोपिएका कफीका विरुवा ७० प्रतिशत सरेको अवस्था छ। एक घर एक व्यक्तिलाई कफी खेति सम्वन्धि दिइएको तालिमले र कफी लगाउनु पर्छ भन्ने विषयमा गरिएको नियमीत सहजीकरणले बन्दाबन्दीको अवस्थामा पनि कृषकहरु कफी खेति प्रति उत्साह जगाउन सफल भईएको छ ।



रिपाहामा कफी रोपणको तयारी

## कार्यक्रमका उपलब्धीहरु

- ६ जना OJT परिचालन गरी उनीहरुको क्षमता विकास र समुदायसँग प्रत्यक्ष घुलमिल भएर परिचालित हुँदा २४६० वटा कफीका विरुवा बृक्षारोपण भयो ।
- यस कार्यक्रमको सहजीकरणबाट समुदायमा विक्री नभएका र संकलन गरी राखेका ८४.५ किलो ग्राम कफी पार्चमेन्ट तयार गरी विक्रीको शुरुवात भयो ।
- समुदायका ९६ जना कृषकहरुले कफी खेती सम्बन्धी तालिम प्राप्त गरेर सीप सिकी खेती विस्तारमा लागेका छन् ।
- ११ जना कृषकहरुले अध्ययन अवलोकन भ्रमण गरेर कफीको बारेमा थप बुझाई प्राप्त गरी कफी व्यवसायमा लागेका छन् ।

## सिकाईः

- लाहापे, रिपाहा र बसेनी क्षेत्रमा विस्तारै कफी खेतिले व्यवसायिक रुप लिने संभाव्यता भएपनि सिचाइ गर्ने पानीको अभावका कारण कफी खेति विस्तारमा समस्या देखिन निश्चित प्रायः छ । त्यसैले कफी खेति विस्तारका लागि सिंचाइ सुविधा उपलब्ध गराउनका लागि थप सहयोगको जरुरी देखिन्छ ।

- कफीको गुणस्तर कायमका लागि पनि कृषक निकै होसियार हुनु पर्ने छ। त्यसैले दिगोरुपमा संचालनका लागि र निरन्तर खेति गर्नका लागि स्वतःस्फुर्त कृषकहरुमा मात्र यस खालको कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ। अन्यथा प्रक्रियागत झञ्झटका कारण प्रवर्द्धन गरिएका कृषकहरुले यस कार्यक्रम वीचैमा छोड्न सक्ने संभावना पनि उत्तिकै रहन्छ ।
- कफी खेतिबाट आम्दानी लिनका लागि कम्तीमा पनि कृषकले ४ वर्ष कुर्नु पर्ने हुन्छ । प्रशस्त जमीन भएका कृषकहरुमा त यसका साथ साथै अन्य खेती गर्ने जमीन हुन्छ तर यदि साना किसानहरु जसको खेति गर्ने नै जमिन कम छ, तिनीहरुमा यस खालको कार्यक्रम संचालन गर्दा कफीले प्रतिफल नदिँदासम्म उनीहरुको जीविकोपार्जनका लागि आर्यआर्जनका विकल्प बारेमा सोच्नु जरुरी देखिन्छ ।

## २. सुरक्षित आप्रवासन कार्यक्रम (SAMI)

### पृष्ठभूमी

नेपालको आयआर्जनको महत्वपूर्ण स्रोतको रुपमा स्थापित वैदेशिक रोजगार कोभिड १९ को महामारीका कारण धारासायी वनेको छ । २०७८ वैशाखको उत्तरार्द्ध देखि अन्तराष्ट्रिय उडान बन्द भएका कारण वैदेशिक रोजगारी लगायत सवै क्षेत्रका लागि वैदेशिक गन्तव्यको यात्रामा पूर्णविराम लाग्यो । कोरोना भाईरस दोस्रो चरणको कारण विश्व अर्थतन्त्र तहस नहस भयो जसको नराम्रो प्रभाव वैदेशिक रोजगारीको क्षेत्रमा पर्न गयो ।

नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय तहहरुको नेतृत्व तथा सामी हेल्भेटासको प्राविधिक सहयोगमा नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्लामा परियोजना कार्यान्वयन गर्ने जिम्मेवारी हिकोडेफले सन् २०१३ नै पाएको छ। कार्यक्रम सैचालनको तेश्रो चरणको क्रममा १६ जुलाई २०१९ देखि स्थानीय तहहरु कावासोती, गैडाकोट तथा मध्यविन्दु नगरपालिका तथा विनयी त्रिवेणी गाउंपालिकासंगको साझेदारी तथा सहकार्यमा कार्यक्रम संचालनरत छ । यस आर्थिक वर्षका कार्यक्रम सञ्चालन तथा प्राप्त उपलब्धीहरु निम्नानुसार छन् ।

## २.१. उद्धेश्य :

**वैदेशिक रोजगारलाई सुरक्षित र उपलब्धीमुलक वनाउने ।**

- आप्रवासी कामदारलाई सही निर्णय लिन सक्षम वनाउन विभिन्न किसिमको सुचना प्रवाह गर्ने ।
- वैदेशिक रोजगार को क्रममा हुन सक्ने सम्भाव्य ठगी वाट वचने उपायहरु सिकाउने ।
- ठगी तथा समस्यामा मा परेकोहरु लाई निशुल्क कानुनी सहयोग गर्ने र समस्या सामाधान का लागी सम्वन्धित संस्था संग समन्वय गराईदिने ।
- निशुल्क सीप तालिम प्राप्त गर्न संस्था संग समन्वय गराईदिने ।

## २.२. लक्षित वर्ग :


- वैदेशिक रोजगारीका लागि मेनपावर कम्पनीसम्म पुर्‍याउने एजेन्टहरु
- वैदेशिक रोजगारका सम्भावित कामदारहरु
- वैदेशिक रोजगारीमा रहेका परिवारहरु
- वैदेशिक रोजगारबाट फर्केका कामदारहरु
- विद्यालयका विद्यार्थी, शिक्षक
- समुदायमा रहेका महिला समूह, टोल विकास समिति, युवा क्लब लगायत सामुदायिक वन समूहहरु

## २.३. यस वर्षको गतिविधि सम्पादनको अवस्था :

| Activities | Annual Target | Accomplished Activities | Men | Women | Total |
|---|---|---|---|---|---|
| Individual and group counseling | 4500 | 4936 | 3385 | 1551 | 4936 |
| Indepth orientation | 40 | 32 | 233 | 148 | 381 |
| Community orientation | 60 | 50 | 393 | 687 | 1080 |
| Returnee Mobilization | 12 | 12 | 6197 | 4687 | 10800 |
| Individual psycho social counseling | 120 | 118 | 23 | 95 | 118 |
| Psycho social counseling in a group | 16 | 15 | 0 | 368 | 368 |
| IEC Materials Production and distribution - Pamphlets | 5000 | 5000 | | | 5000 |
| IEC Visiting card | 5000 | 10000 | | | 10000 |
| IMD Celebration | 1 | 1 | 14 | 28 | 42 |
| Capacity building of Returnee Network and advocacy | 1 | 1 | 11 | 14 | 25 |
| Financial Literacy Group | 16 | 15 | | 368 | 368 |
| Interaction with Journalists | 1 | 1 | 14 | 10 | 24 |
| Meeting with Employment Coordinators | 1 | 0 | | | |
| Meeting of Project Management Committee | 3 | 3 | 47 | 45 | 92 |
| Monitoring and review through stakeholders | 4 | 4 | 37 | 46 | 83S |
| Police Orientation | 1 | 1 | 34 | 6 | 40 |
| Orientation for Palikas representatives | 4 | 0 | 111 | 42 | 153 |
| Mobilisation of Local Champion | 4 | 2 | 9 | 19 | 28 |
| Review Meeting with staff | 3 | 3 | 31 | 54 | 84 |

## २.४ विषयगत उपलब्धीहरु :

### २.४.१ सूचनामा पहुंच




### २.४.२. सीपमा पहुँच

नेपालबाट वैदेशिक रोजगारीमा जाने मध्ये करिब ७५ प्रतिशत कामदारहरु अदक्ष वा बिनासिप नै जाने गरेको विभिन्न तथ्यांकहरुले देखाएका छ। यस कुरालाई मध्यनजर गरेर विगतका वर्षहरुमा परियोजनाले एफस्किलसँगको समन्वय तथा सहकार्यमा सिप तालिम लिएर वैदेशिक रोजगारीमा जानका लागि सूसुचित गर्दै आवश्यक सहजिकरणको कार्य गरिदै आइएको थियो । गत वर्ष देखि सामी हेल्भेटास मार्फत नै तालिमका कार्यक्रमहरु संचालन भएको हो । तथापि यस वर्षको पूवार्द्धमा कोभिड महामारीको कारण सीप तालिमका कार्यक्रमहरु आयोजना हुन सकेन । वर्षको उत्तरार्द्धमा माघ ४, २०७७ देखि तालिम कार्यक्रम शुरु भयो । कार्यक्षेत्रभित्र र वरपरका क्षेत्रबाट आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरेका तथा फोन फलोअपबाट सम्पर्क गरेर संभावित कामदारहरुलाई यस वर्ष पुरुषहरुका लागि ईलेक्ट्रिसियन, प्लम्बर तथा महिलाहरुको लागि गार्मेण्ट तालिममा ३२ जना (१८ जना पुरुष तथा १४ जना महिला) लाई सिफारिस गरिएको छ ।

### २.४.३ वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा कार्यक्रम :

वैदेशिक रोजगारमा गएका परिवारहरुलाई दिगो जीवन निर्वाहका लागि वैदेशिक रोजगारीमा आर्जन गरेको रकमलाई लिन सचेतिकरण गर्ने तथा रेमिटान्सबाट प्राप्त रकमको सहि र व्यवस्थित सदुपयोगका लागि योजना निर्माणमा सघाउ पुऱ्याउने उद्देश्यका साथ यस अवधिमा विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स), नेपालको प्राविधिक सहयोगमा वित्तिय साक्षरता कार्यक्रम गत वर्ष नै गैडाकोट नगरपालिकामा ४ वटा समूह, मध्यविन्दु नगरपालिकामा ४ वटा समूह, कावासोती नगरपालिकामा ४ वटा समूह तथा विनयी त्रिवेणी गाउंपालिकामा मा ३ समूहमा सर्वेक्षण गरी कक्षा संचालन गरियो । यस वर्ष कावासोतीका ४ वटा समूहमा १०७ जना, गैडाकोटका ४ वटा समूहका ९३ जना, मध्यविन्दुका ४ वटा समूहका १०१ जना तथा विनयी त्रिवेणीका ३ वटा समूहका ६८ जना गरी १५ समूहमा जम्मा ३६८ जना सहभागीहरु रहेका छन् ।



मध्यविन्दुमा संचालित एक वित्तिय साक्षरता कक्षा

### २.४.३.१ वित्तीय साक्षरता कार्यक्रमका ठोस उपलब्धीहरु (सहभागी : ३६८ जना):

| क्र.सं. | सूचक | उपलब्धी |
|---|---|---|
| १ | दैनिक हिसाव किताव राख्ने | २८१ जना |
| २ | वैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यहरुको कागजात मगाएको | २५३जना |
| ३ | वचत वृद्धि गर्ने | १०१ जना |
| ४ | वृद्धि गरिएको रकम | ७६,३०० मासिक |
| ५ | वित्तीय लक्ष्य तयार गरेका | २४६जना |
| ६ | व्यवसायिक योजना तयार | २०७ जना |
| ७ | साना व्यवसाय शुरु गरेका | ५१ जना |
| ८ | खुत्रुके वचत गरेका | २१५ जना |

### २.४.४. न्यायमा पहुँच (Access to Justice)

वैदेशिक रोजगारीले राष्ट्रका निम्ति योगदानका साथमा विकृतिहरु तथा समस्याहरु पनि निम्त्याईरहेको छ । यसका लागि पिडित पक्षलाई न्यायको पहँचमा पुर्‍याउनुपर्ने र न्याय दिलाउनुपर्ने आवश्यकताको महसुस गरि विभिन्न सरोकारवालाहरुको सहयोगमा आप्रवासी स्रोत केन्द्रले कार्य सम्पादन गर्दै आइरहेको छ । वैदेशिक रोजगारका क्रममा ठगी, मृत्यृ, बिरामी, अंगभंग, मेडिकल फेल, घरेलु हिंसा, भनेको कामदाम नपाएको जस्ता समस्याहरु देखिन्छन् । यस वर्ष १३० वटा केश दर्ता भई यस वर्षको ५१ तथा अघिल्लो वर्षको २८ गरी जम्मा ७९ वटा समाधान भएका छन् । यस क्रममा वैदेशिक रोजगारीको क्रममा विभिन्न कारणबाट पिडीत भएका सेवाग्राहीलाइ ३ करोड ५५ लाख ५४ हजार रुपैंया क्षतिपूर्ति दिलाउन सहजीकरण गरिएको छ ।

### २.४.४.१. आप्रवासी स्रोत केन्द्रमा आएका केशको विवरण :

आप्रवासी स्रोत केन्द्रमा दर्ता हुन आएका केशहरुमा राहदानी तथा रकम लिई विदेश नपाठाएको तथा फिर्ता पनि नदिई ठगीमा परेका ४१ वटा, त्यसैगरी मृत्युका केशहरु ९ वटा, विरामी, घाइते तथा दुर्घटना ११ वटा, अलेखवद्ध

भएका २, सम्पर्कविहिन ४, घरेलु कामदारको समस्या २ वटा रहेका छन् । त्यसै गरी जेल १ वटा, काम नपाएका ४ वटा समस्याहरु आप्रवासी स्रोत केन्द्रमा दर्ता भएका छन् ।

यस अवधिमा आप्रवासी स्रोत केन्द्रमा आएका समस्याहरु मध्ये वैदेशिक रोजगारीका लागि रकम लिई फिर्ता नगरिएका १६ वटा, मृत्यु २० वटा, सम्पर्क विहिन ८ वटा, दुर्घटनाका ३ तथा विरामी भएका ७ वटा, कोरोना प्रभावित ६ जना, अलेखवद्ध भएका ४ वटा तथा भिजिट भिषाको समस्या ५ वटा समाधान भएका छन् ।

आप्रवासी स्रोत केन्द्रमा प्राप्त केशको अवस्था हेरी ती केशहरुलाई स्थानीयस्तरदेखि सरोकारवाला निकायहरुमा सिफारिस गरेर समाधानको प्रयास गरिन्छ । केश समाधानका क्रममा केशको प्रकृतिको आधारमा क्षतिपूर्ति समेत पिडित पक्षलाई उपलब्ध गराउन सहयोग पुर्याईएको छ । पिडित पक्षलाई यस अवधिमा रु.**355,54000** (अघिल्लो वर्षमा दर्ता भएका समेत) क्षतिपूर्ति उपलब्ध गराउन सहयोगीको भूमिका निर्वाह गरिएको छ । त्यसमध्ये ३६ लाख २२ हजार रुपैयां ठगीका पिडीतहरुलाई फिर्ता गर्नका लागि सहयोग गरियो । दुर्घटनामा परेका ३ जनालाई रु ७ लाख २० हजार रुपैयां वैदेशिक रोजगार वोर्डबाट क्षतिपूर्ति दिलाउनका लागि र वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका १७ जना सेवाग्राहीहरुलाई ३ करोड १२ लाख १२ हजार रुपैयां आर्थिक सहायता गर्नका लागि सहजीकरण गरियो ।

### २.४.४.२ केश प्रकृया गर्दा आएका समस्या :

- पिडित व्यक्तिसँग पर्याप्त आवश्यक कागजातहरु नहुनु ।
- विदेशमा हराउने केशमा विदेशमा सम्पर्क भए पनि सम्बन्धित व्यक्ति स्वदेश आउन नचाहनु ।
- आप्रवासी स्रोत केन्द्रलाई सेवाग्राहीले केश समाधान गर्ने निकायका रुपमा बुझ्नु र आशा बढी राख्नु
- कागजपत्र नभएको केश पनि आशा बोकेर आउने तर अन्त्यमा केशमा पहल नगरेको बुझाई राख्ने
- स्थानीय स्तरको केशमा पिडक र पिडित एउटै स्थानको नहुँदा मध्यस्थता गर्न गाह्रो पर्ने ।
- प्रहरीमा गएका मुद्दाहरुमा पिडकले समय म्याद थप गरिरहने गर्दा पिडीतहरु समस्यामा परेको ।
- पिपुल फोरममा व्यक्ति स्वयं जान नमानेको ।
- केश अपडेट गर्नका लागि सेवाग्राहीलाई सम्पर्क गर्न समस्या (फोन नलाग्ने)
- पिएनसीसीमा पटक पटक कर्मचारी परिवर्तन हुंदा केश समाधान तथा अपडेटमा समस्या आएको ।

## २.५. मनोसामाजिक परामर्श :

कार्यक्षेत्रका बैदेशिक रोजगारका क्रममा आएका मनोसामाजिक समस्याहरु संकलन गरियो । रिटर्नी, संचार साधन, विद्यालय सचेतना कार्यक्रम, स्थानिय महिला अगुवा, समुह मनोपरामर्श, मनोसामाजिक परामर्शकर्ता स्वयम्का माध्यमबाट वैदेशिक रोजगारका कारणबाट समस्यामा परेका ११८ व्यक्ति (२३ पुरुष, ९५ महिला) तथा तिनका परिवारको समस्या पहिचान गरी उनीहरुको मनोगत समस्या पत्ता लगाइ मनोसामाजिक परामर्शकर्ताद्धारा समस्या न्युनिकरण गरिएको छ । साथै गत वर्षका ८ जना पुरुष तथा ४२ जना महिला गरी ५० जना मनोसामाजिक समस्यामा रहेका सेवाग्राहीहरुलाई फलो अप गर्ने कार्य गरियो ।



गृहभेट मार्फत परामर्श गरिँदै

## २.६ कोभिड १९ को कारण बन्दाबन्दीको अवस्थामा भएका गतिविधिहरु :

- कोभिड १९ को कारण बन्दाबन्दीको समयमा आप्रवासी स्रोत केन्द्रको टेलिफोन कल फरवार्ड गरी घरैबाट फोनबाट सेवा उपलब्ध गरिएको । टेलिफोनको माध्यमबाट ४१ जना १८ जना पुरुष तथा २३ जना महिला) लाई सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी आधारभूत सूचना प्रवाह गरिएको ।
- भारत लगायत अन्य विदेशबाट आएका र क्वारेन्टाईनमा बसेका ८९ जना पुरुष, १०७ जना महिला, २ जना केटा तथा ३ जना केटी गरी जम्मा २०१ जना आप्रवासीहरुलाई मनोसामाजिक प्राथमिक सहयोग प्रदान गरिएको ।
- वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षाका सहभागीहरु (३६८ जना) लाई फोनको माध्यमबाट वैदेशिक रोजगारीमा रहेका उनीहरुको परिवारको अवस्था, कोभिड १९ बाट बच्ने उपायहरुको बारेमा छलफल गरिएको ।

## २.७ मुख्य उपलब्धीहरु

स्थानीय तहहरुसंगको समन्वय तथा सम्पर्कमा ४ वटा स्थानीय तहका वैदेशिक रोजगारीमा अत्यधिक संख्यामा रहेका विभिन्न ५० स्थानहरुमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिएको छ । जसमा १०८० जना (६८७ जना महिला) सहभागीहरु रहेका थिए । त्यसैगरी कार्यक्षेत्र अन्तर्गत विभिन्न ३२ स्थानहरुका वैदेशिक रोजगारीका ३८१ जना( १४८ जना महिला) संभावित कामदारहरुले सुरक्षित वैदेशिक रोजगारीका आधारभूत जानकारी प्राप्त गरेका छन् ।

- कावासोती एफएम कावासोती, विजय एफ एम गैडकोट तथा दर्पण एफएम मध्यविन्दुबाट ७५६० पटक सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी छोटा सूचनाहरु आम समुदायमा प्रवाह गरिएको छ ।
- सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी १० हजार भिजिटिङकार्ड तथा ५ हजार पम्पलेट उत्पादन गरी वितरण गरिएको छ ।
- फोन फलोअपको आधारमा ९२ प्रतिशत सेवाग्राहीहरुले कागजात छोडेर गएका छन् ।

- आप्रवासी स्रोत केन्द्रबाट सूचना प्राप्त गरी १६ जना सेवाग्राहीले रु २०५,००० तथा रिटर्नी स्वयंसेवकहरुबाट सूचना पाई ४१ जना सेवाग्राहीहरुले ३७९,००० रुपैंया घटाएर वैदेशिक रोजगारमा गएका छन् ।
- फोन फलोअपको आधारमा ५०४ जना मध्ये ६० जना (१५ जना महिला)ले नेपालमै व्यवसाय गर्न शुरु गरेका छन् ।







**व्यावसाय शुरु गरेपछी वित्तीय साक्षरता कक्षाका सहभागिहरु**

- आप्रवासी स्रोत केन्द्रमा ३३८५ जना पुरुष तथा १५५१ जना महिला गरी जम्मा ४९३६ जनाले सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी आधारभूत सूचना प्राप्त गरेका छन् ।
- रिटर्नी स्वयंसेवकहरुले नयां सूचनाका लागि ७८६१ जना (३३९० जना महिला), फलोअपको क्रममा १६७३ जना( ८१८ जना महिला), वैदेशिक रोजगारीबाट फर्किएका ८२४ जना(१७१ जना महिला) तथा समुदायमा रहेका ४१ समूहका ५२६ जना (३०८ जना महिला) गरी १०,८०० जना (४६८७ जना महिला) लाई भेट गरी वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह गरिएको छ । त्यसैगरी १४०६ जना संभावित कामदारलाई सूचना लिनका लागि वैदेशिक रोजगारीका क्रममा समस्यामा परेका ५७ जना (१२ जना महिला) सेवाग्राहीलाई आप्रवासी स्रोत केन्द्रमा सिफारिस गरिएको छ भने १९ जना (८ जना महिला) लाई मनोसामाजिक परामर्शका लागि मनोसामाजिक परामर्शकर्ताहरुलाई सिफारिस गरिएको छ ।

## ३. आर्थिक पुनर्लाभ कार्यक्रम

मिति २०७७ मंसिर ०७ गते तद्अनुसार सन् २०२०नोवेम्बर २२ का दिन सुनवल नगरपालिकाका नगर प्रमुख श्री भिम बहादुर थापा क्षेत्री ज्यूको प्रमुख आतिथ्यतामा USAID, Tayar Nepal को सहयोगमा तथा हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ) को साझेदारिता सुनवल नगरपालिकामा संचालित आर्थिक पुर्नलाभ परियोजना ( Support Sunwal Municipality to Implement component 3 Supplementary Tasks: COVID 19 Response Activities) को औपचारीक थालनी गरियो । यस नगरका सबैखाले सरोकारवालाको बैठकमा आर्थिक पुर्नलाभ कार्यक्रम परियोजनाको जानकारी, परियोजना क्रियाकलाप ,कार्यक्रम सञ्चालनका लागि अनुमति, सम्पन्न गरिने योजनाहरुको छनौट, कामका लागि नगदको लाभग्राहीहरु छनौट, हेल्प डेक्स

स्थापना र  सञ्चालन  जस्ता विषहरुमा छलफल  गरि  निर्णय तथा सहमति कायम गरिएको कारण समग्र कार्यक्रमलाई अगाडि बढाउनका लागि सहज भएको थियो ।

### ३.१ सहायता कक्ष (हेल्पडेक्स) स्थापनामा सहयोग




यस परियोजना अर्न्तगत सुनवल न.पा. परिसर भित्र एउटा प्रकोप सम्वन्धि सुचना, जानकारी आदान प्रदान, व्यवस्थापन र  प्रकोपको तत्काल सम्वोधनका लागि एक सुविधा सम्पन्न सहायता कक्ष  (हेल्प डेक्स ) स्थापना गरियो । जसमा  कार्यक्रमबाट हिकोडेफले आवश्यक साधन तथा औजार तथा फर्निचर, कम्पुटर  उपलव्ध गराइ र सुनवल न.पा ले  न.पा परिसर भित्र आवश्यक पर्ने स्थान र मानव श्रोत  उपलव्ध गराइ नियमित हेल्पडेक्स  संचालनमा ल्याइएको थियो छ । यस सहायता कक्ष स्थापनाबाट नगरबासीहरुलाई नगरपालिकाको अद्यावधिक, कोभिडको अवश्था तथा वातावरण संग सम्बन्धित सूचनाको सहज पहुँच उपलब्ध गराइएको थियो । सुनवल न.पा. परिसर भित्र COVID -19 तथा अन्य  प्रकोप सम्वन्धि सुचना, जानकारी आदान प्रदान, व्यवस्थापन र प्रकोपको तत्काल सम्वोधनका उद्देश्यले स्थापना गरिएको  सहायता कक्ष  (हेल्प डेक्स ) लाई थप उपयोगी बनाउन नगरपालिको  १३ ओटै वडामा वडा  स्तरिय अभिमुखीकरण कार्यक्रम समेत गरिएको थियो ।

## ३.२ रेडियो कार्यक्रम

यस परियोजना अन्तर्गत सहायता कक्ष स्थापना एक प्रमुख कार्यक्रम हो । यस सहायता कक्षलाइ प्रभावकारी रुपमा संचालन र यसका सेवा सुविधाहरुको जानकारी  समुदायमा सहजसंग पुर्‍याउने उद्धेश्यले  र  COVID 19 सम्बन्धी  सन्देश मुलक सूचना (जिङ्गल) प्रसारण  गरि समुदायलाई COVID 19 बच्न सहयोग पुगोस भन्ने प्रयोजनले  हिमालयन सामुदायिक विकास मञ्च र बाबा बर्दगोरिया मिडिया प्रा.लि द्धारा संचालति रेडियो सन्देश ८९.८ मे.ह सुनवल १२ नवलपरासी  र पाल्ही सुचना तथा संचार सहकारी सस्था लिं. द्धारा संचालित सामुदायिक रेडियो सुनवल ९०.७ मे.ह.सुनवल १ नवलपरासीलाई परिचालन गरि परियोजना अवधिभर  रेडियो (एफएम) कार्यक्रम संचालन गरियो । जसका कारण पालिकामा स्थापित सहायत कक्षको प्रयोग, सो बाट सेवालिन आउने समुदायको संख्या उल्लेखनिय रुपमा बृद्धि हुनुका साथै नगरपालिकामा सेवा दिने प्रक्रिया पनि थप व्यवस्थित गर्न मद्दत पुगेको थियो ।

## ३.३ काम का लागि नगद

यस  परियोजना अन्तर्गत कामका लागि नगद **(CFW)** कार्यक्रम अर्को महत्वपुर्ण क्रियाकलाप हो  । यस कार्यक्रम कोभिड १९ ले दैनिक ज्याला मजदुरी गरी खाने समुदायको जीवनलाई  नराम्रो संग प्रभावित पारेकाले उनीहरुको दैनिक गुजारालाई सहज बनाउन नगरपालिका संग समन्वय गरी लाभग्राहीलाई काम दिने र रकम प्रदान गर्ने कार्यक्रमको उद्देश्य हो । यस कार्यक्रम नगरपालिकाको सहमति अनुसार तयार गरिएको मापदण्डहरु : भुमीहिन र अति गरिब तराईमा क्षेत्रमा ३ कठ्ठा जग्गा र पहाडी क्षेत्रमा ५ रोपनी भन्दा कम भएको ,दैनिक ज्याला मजदुरी गर्ने, बिदेशबाट फर्किएका आप्रवासी , एकल महिला घरमुली, जेष्ठ नागरिक घरमुली, कोभिड १९ कारणले रोजगरी गुमाएको परिवार, दलित आदिबासी जनजाति मुस्लिम समुदायका ब्यक्तिहरुबाट २०३ लाभग्राही छनौट गरिएको थियो ।  छनौट गरिएका सबै लाभग्राहीको विमा गरि सुरक्षा मापदण्डमा अपनाइ रहेर प्रत्येक

लाभग्राहीहरुलाई हेलिमेट, माक्स, पञ्जा,  बुट, र आबश्यक औजारहरुको उपलव्त्र  गराइ १८ दिनसम्म तरगौली ताल संरक्षण योजनामा ६४ जना, प्रतापपुर जर्घा नहरमा ६१ जना र सुनवल खानेपानी योजनामा ७८ जना लाभग्राहीहरुलाई काममा लागाइयो ।





**काम गर्नु अगाडि  र पछाडी तरगौली तालको अवस्था**

# ३.४ सर्शत अनुदान

शशर्त अनुदान सहयोग कार्यक्रम यस परियोजनाको अर्को मुख्य क्रियाकलाप हो। यस कार्यक्रमका लागि  सुनवल नगरपालिकाले नगर कार्यपालिकाको कार्यालयबाट सार्वजनिक सुचना मार्फत तरकारी खेती कुखुरा पालन कगती खेती कपाल कटाई ब्युटी पार्लर आरन संचालन साईकल मर्मत ठेला तथा अन्य साना र परम्परागत ब्यवसाय संचालन गर्दै आएका र कोभिड १९ का कारण प्रभावित भएका साना ब्यवसायीहरुसंग पुन: संचालन गर्न चाहेको ब्यवसाय सहित आवेदन माग गरी दरखास्त संकलन गरिएको थियो। यस सुचनाका आधारमा  दरखास्त परेका निबेदकहरु मध्येबाट १५८ जना लाभान्वित भएका छन्।

### ३.५ बैदेशिक रोजगारबाट फिर्ता भएका लागि बेमौसमी तरकारी खेति तथा च्याउ उत्पदन तालिम

यस अवधिमा सुनवल नगरपालिकामा कोभिड १९ का कारण बैदेशिक रोजगारी गुमाई फर्किएका ब्यक्तिहरुका लागी ५ दिने टनेलमा तरकारी खेती तालिम संचालन गरियो । यस तालिमका लागी नगरपालिकाले उपयुक्त सहभागि छनौट गरि पठाएको थियो। जसमा जम्मा १० दश जना परुष सहभागिहरुको सहभागीता रहेको थियो बैदेशिक रोजगारी गुमाई फर्किएका ब्यक्तीहरुलाई स्वरोजगार तथा ब्यसायिक बनाउने, तरकारी खेती प्रणालिको विषयमा सक्षम बनाउने, तरकारी खेतीमा प्रविधि विषादी मल प्रयोगका विषयमा सिकाउने, टनेल संरचना निर्माण तथा टनेलमा प्रयोग हुने प्रविधिका बारेमा सिकाउन उद्देश्य राखि संचालन गरिएको यस तालिममा नर्सरी निर्माण ब्यवस्थापन बिरुवाका लागी चाहीने पोषण,सिंचाई प्रणालिका बारेमा जानकारी तथा ब्याड निर्माण तथा मल्चिङ्ग, बाँसको टनेलहाउस निर्माण तरिका, टमाटर तथा अन्य बालिको काटछाटका, फल उत्पादन भण्डारण बजारिकरण, झोल मल तथा कम्पोष्ट मल निर्माण प्रक्रिया, टनेलमा खेती गर्दै गरेका कृषकको टनेल खेतीको स्थलगत अनुगमन, तरकारी खेतीमा प्रविधि विषादी मल जस्ता विषयमा जानकारी तथा प्रशिक्षण दिइएको थियो।

त्यसैगरी छनौट भएका १ महिला र ९ परुष गरि जम्मा १० दश जनालाई ५ दिने च्याउ खेती तालिम संचालन गरियो । वैदेशिक रोजगारी गुमाई फर्किएका ब्यक्तीहरुलाई स्वरोजगार तथा ब्यसायिक बनाउन, च्याउ खेती प्रणालिको विषयमा सक्षम बनाउने र च्याउ खेतीको टनेल संरचना निर्माण तथा टनेलमा प्रयोग हुने प्रविधिका बारेमा सिकाउने उद्देश्य राखि संचालन गरिएको यस तालिममाःबाँसको टनेल हाउस निर्माण व्यवहारिक अभ्यास,टनेलमा खेती पहिचान तथा ब्यवस्थापन उत्पादन भण्डारण बजारिकरण,सिचाइ गर्ने प्रक्रिया तथा फोहर ब्यवस्थापन,टनेलमा च्याउ खेतीका लागी सिजनल क्यालेन्डर,आर्थिक मुल्याङ्कन ब्यवस्थापन बिजेनश प्लान निर्माणका विषयमा जानकारी गराईको थियो । तालिम पछि दुबै तालिमका सबै सहभागिहरुलाई व्यवसायिक रुपमा तरकारी तथा च्याउ खेति गर्नका लागि आवश्यक सम्पुर्ण सामाग्रीहरु उपलब्ध गराइएको थियो ।



### ३.६. नगरपालिका स्तरीय निजि क्षेत्रको अवस्था लोखाजोखा

यस परियोजना अवधिमा सुनवल नगरपालिका स्तरीय सामाजिक तथा आर्थिक पुनरुत्थान योजाना तथा सुनवल नगरपालिका स्तरीय निजि क्षेत्रको अवस्था लोखाजोखा अभ्ययन कार्य पनि सम्पन्न गरिएका छ । यी दुबै खालको अध्ययन सम्पन्न पछि सो अध्ययनको प्रतिबेदन प्रमाणीकरणका लागि नगरपालिकाबा सबै सरोकारवालाहरु विच आयेजना गरिएको एक दिने गोष्ठीमा अध्ययन टोलीबाट सो प्रतिवेदन प्रस्तुत गरियो । सो गोष्ठीका सहभागीहरुबाट आवश्यक सुझावहरु सहित सो प्रतिबेदनहरु प्रमाणीकरण गरियो । सो प्रमाणीकरण गरिएको प्रतिबेदनहरु क्रमशः ***१.सुनवल नगरपालिका स्तरीय सामाजिक तथा आर्थिक पुनरुत्थान योजाना २. सुनवल नगरपालिका स्तरीय निजि क्षेत्रको अवस्था लोखाजोखा प्रतिबेदन*** को अलग अगल प्रतिबेदन प्रकाशन गरि सुनवल नगरपालिकालाई हस्तान्तरण गरिको छ । नगरपालिकाले सो प्रतिबेदनमा उन्लेखित सिफारिसहरुलाई आफ्नो निति तथा कार्यक्रममा आगामि दिनहरुमा क्रमशः सम्बोधन गर्दै जाने जनाएको छ ।






**प्रमाणीकरण गोष्ठीको झलक र प्रकाशीत प्रतिवेदन**

## ३.७ मुख्य उपलब्धीहरु

- सुनवल नगरपालिकामा नागरिक सहायता कक्ष स्थापना गरी कोभिड १९ र अन्य गतिविधीहरुका सूचानामा नागरिकको सहज पहुँच उपलब्ध गराईएको ।
- नवलपरासी पश्चिम जिल्ला अर्न्तगत सबै स्थानीय निकायहरुका बासिन्दाहरुले कोभिड १९ सम्बन्धी रेडियो मार्फत् सन्देशमुलक सूचनाहरु प्राप्त गरे ।

- कोभिड १९ का कारण रोजगार गुमाएका विपन्न २०३ जना व्यक्तिहरुले नगदका लागि काम गरी आर्थिक लाभ गरेका छन् ।
- सुनवल नगरपालिका भित्रका कोभिड १९ का कारण व्यवसाय बन्द भएका १५८ जना साना उद्यमीहरुलाई पुनः व्यवसाय सञ्चालन गर्न सशर्त अनुदान रकम प्रतिव्यक्ति रु ३२,०००।- का दरले उपलब्ध भयो र हाल व्यवसाय सञ्चालनमा आएका छन् ।
- सुनवल नगरपालिका भित्रका कोभिड १९ का कारण बैदेशिक रोजगार गुमाएर फिर्ता भएका २० जनालाई तरकारी र च्याउ खेती सम्बन्धी तालिम तथा आवश्यक टनेल सामाग्री सहित बीउ विजन उपलब्ध गराई पेशामा लागेका र आय आर्जन गर्न शुरु गरेका छन् ।

# ४. सामुदायिक झोलुङ्गे पुल कार्यक्रम

## १७. झोलुङ्गे पुल सञ्चालनको अवस्था

हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ) ले सरकारी तथा गैर सरकारी संघ संस्थासँगको साझेदारीमा संचालन गरेको कार्यक्रमहरु मध्ये **"सामुदायिक झोलुङ्गे पुल कार्यक्रम"** पनि एक हो । सामुदायिक झोलुङ्गे पुल स्थानीय समुदायद्धारा पुलको आवश्यकता महशुस गरी समस्याको विश्लेषण सहित आवश्यक स्रोत साधनको पहिचान गरी स्थानीय समुदायको अगुवाई तथा व्यवस्थानपनमा पुल निर्माण गरिन्छ । यस कार्यक्रमले समुदायको स्वामित्व बोध गराई पुलको मर्मत संभार तथा रेखदेखमा समेत स्थानीयको सहभागिता सुनिश्चित गराउनेछ जसले गर्दा पुलको दिर्घकाल सम्म समुदायलाई जिवनयापनको लागि आवश्यक सेवा सुविधाको पहुचमा सहजता ल्याउँछ । हिकोडेफको मुख्य भूमिका भनेको पुलको आवश्यकता पहिचानमा सहजिकरण, निर्माण पूर्वको चरणमा हुने सम्पूर्ण प्रकृयामा सहयोग र निर्माण देखी सम्पन्न सम्मको अवधिमा सामाजिक तथा प्राविधिक कार्यमा समुदायलाई सहयोग उपलब्ध गराई पुलको दीगोपनाका लागि मर्मत सम्भार समिति गठन गर्ने र स्थानीयवासीको रोजगारीको सुनिश्चितता कायम गराउने हो ।



निर्माण सम्पन्न धोब्लेघाट झो पु , विनयी त्रिवेणी

तत्कालिन् जिल्ला विकास समिति नवलपरासीको सहयोगमा हिमालयन सामुदायिक विकास मञ्चद्धारा संचालित यस कार्यक्रम सन् २००६ देखि हालसम्म देशको संघिय संरचना अनुसार नवलपरासी व.सु.पूर्व जिल्लाभरीको चार गाउँपालिकाहरु र चार नगरपालिकाहरु गरी जम्मा आठवटा पालिकाहरु र नवलपरासी व.सु.पश्चिमको २ नगर पालिका र १ गाउँ पालिका गरी ३ वटा स्थानीय निकायहरुमा गा.पा./न.पा. को सहयोगमा संचालन हुदैं आईरहेको छ । पूर्व र पश्चिम दुवै जिल्लामा हिकोडेफले यस बर्ष सर्भे र निर्माणका लागि २४ वटा झो.पु.हरुको कार्यादेश पाएकोमा हाल विश्वव्यपी रुपमा फैलिरहेको कोरोना भाइरसको कारण स्थानीय स्तरमा परिचालित भई काम गर्न नपाईने गरी भएको पुरै बन्दाबन्दीले गर्दा यस आर्थिक वर्षमा जम्मा ५ वटाको निर्माण कार्य सम्पन्न भएको छ भने बाँकी पुलहरुको सम्झौता गरी क्रमागत रुपमा रहेका छन् । साथै भई थप सर्भेका लागि १२ वटाको कार्यादेश प्राप्त भएको छ । यस कार्यक्रम अर्न्तगत २०७७/०७८ मा सम्पन्न गरिएका क्रियाकलापहरुको प्रगति प्रतिवेदन यहाँ उल्लेख गरिएको छ ।

## ४.१. झो.पु. निमार्ण प्रक्रिया तथा क्रियाकलाप

स्थानीय समुदायहरुमा पुल निर्माण कार्य शुरु गर्नु भन्दा अगाडि समुदायको माग र आवश्यकता वास्तविक छ वा छैन भनी हिकोडेफबाट प्रारम्भिक रुपमा स्थलगत अध्ययन गरेर मात्र निम्न चरणहरु पुरा गरिन्छ ।

**क) निमार्ण पुर्व चरण**

- गा.पा. ⁄ न.पा., TBSU/PTAP सँग संयुक्त रुपमा बसेर छलफल
- माग संकलन ।
- सामुदायिक भेला, उपभोक्ता समिति गठन ।
- सामाजिक मुल्यांकन तथा विस्तृत सर्वेक्षण ।
- सार्वजनिक सुनुवाई ।
- पुलको डिजाईन, ईस्टिमेट,नक्शा तयार ।
- पुलको डिजाईन, ईस्टिमेट,नक्शा स्वीकृति ।
- गाउँपालिका ⁄ नगरपालिका र उपभोक्ता समितिवीचको सामुदायिक सम्झौता ।
- नमुना झो.पु. तालिम ।

**ख) निर्माण चरण**


पारदर्शिताका लागि निर्माण स्थलमा राखिएको होर्डिङ्ग बोर्ड

- स्थानीय सामाग्री संकलन देखि पुलको सम्पुर्ण जडान सम्पन्न गर्ने सम्मको कार्य ।
- अभिलेख तथा लेखा र योजना खाता अध्यावधिक(सामाजिक तथा प्राविधिक कार्य)
- **सार्वजनिक समिक्षा ।**

टावर निर्माण, लठ्ठा तान्ने र कंक्रिट सम्पन्न भएपछि अघिल्लो चरणमा गरेका कृयाकलापरुको सार्वजनिक समिक्षा भएको ।

**ग) निमार्ण पछिको चरण :**

- पुलको अन्तिम जाचँपास र कार्य सम्पन्न प्रमाण पत्र ।
- **सार्वजनिक लेखापरिक्षण ।**
- नियमित मर्मतसंभार समिति गठन ।
- पुल निमार्ण पश्चात समुदायमा पारेको असर अध्ययन ।

**४. १ लक्ष्य**

विशेष गरी ग्रामीण क्षेत्रमा सामाजिक विकासको रुपमा पछाडि परेका विपन्न एवम् वञ्चितीमा परेका सीमान्तकृत समुदायको विकास एवम् सशक्तीकरणका माध्यमबाट उपलब्ध श्रोत, साधन, सेवा सुविधामा पहुंच, निर्णय प्रकृयामा सहभागिता, नियन्त्रण सृजना गरी सेवा प्रदायकलाई समुदायको हितमा हुने विकास कार्यमा प्रभाव पार्दै उत्तरदायी एवम् प्रभावकारी रुपमा सेवा प्रदान गरी समुदायको विकास निर्माण कार्यमा सहयोग पुर्याउने ।

**४.२. उद्देश्यहरु** ग्रामीण क्षेत्रमा सामाजिक विकासकारुपले अति विपन्न र वञ्चितिमा परेका समुदायको झो.पु.को माग संकलन गरी ती समुदायको विकास निर्माण कार्यमा सहयोग गर्ने ।

- योजना तर्जुमा, प्राथमिकिकरण, कार्यान्वयन गरी गा.पा. ⁄ न.पा.मा पठाई कार्यक्रमलाई अगाडि बढाउने

- गा.पा. ⁄ न.पा. एवम् अन्य सरकारी, गैर सरकारी संस्थाले वढि समावेशी, नीति र तिनको काम गर्ने तरिका, ब्यावहार, शैली, प्रवृतिमा सकारात्मक परिवर्तन ल्याई संस्थागत, नीतिगत, कानुनी एवं संरचनागत सुधार एवं परिवर्तन ल्याउन सक्षम वनाउने ।
- सामाजिक विकास निर्माण प्रति समुदायको दायित्व र कर्तव्य निर्वाह गर्ने भूमिका वारे सचेत गराउने ।
- समुदायलाई झो.पु. निर्माण प्रक्रिया बारे जानकारी गराई सामाजिक तथा प्राविधिक सहयोग गरी विकास निर्माण कार्यलाई सबल र सक्षम तरिकाले अगाडि बढाउन प्रेरित गराउने ।



भिरको टोपी पुल निर्माण सम्पन्न, बौदीकाली

## ४.३ उपलब्धीहरु

बन्दाबन्दीको कारणबाट समुदाय स्तरमा गरिने यस परियोजना कार्यक्रमहरु पनि प्रभावित भए । कतिपय कार्यक्रमहरु कोभिड –१९ पहिलो लहर सुस्ताएको र दोश्रो लहर सुरुवात हुनु भन्दा अगाडि नै सम्पन्न गरियो भने कतिपय कार्यक्रमहरु पछिका लागि सारिएका छन् त कतिपय कार्यक्रमहरु भौतिक रुपमा कार्यस्थलमा उपस्थित भएर काम गर्न नसकिने भएकाले अफिस तथा घरैबाट काम गर्ने रणनीति अनुसार फोन मार्फत टाढैबाट सम्पर्क समन्य, अनुशिक्षण अभिमुखिकण र सहजीकरणका विधिहरु प्रयोग गरि संचालन गरियो । जसको फलस्वरुप बन्दाबन्दीको विसम परिस्थतिमा पनि यस परियोजनामा योजना गरिएका अधिकांस क्रियाकापहरु सम्पन्न हुनाका साथै राम्रो उपलब्धीहरु प्राप्त भएका छन् । जुन यसप्रकार रहेकाछन् ।

- स्थानीय समुदायका विपन्न, दलित परिवारवाट महिला ६६६ जना र पुरुष ७१८७ गरी जम्मा ७८५३ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका ।
- यस बर्ष ५ वटा भोलुङ्गे पुलहरु निर्माण सम्पन्न भयो ।
- १२ वटा झोलुङ्गे पुलहरुको स्थानीय निकायबाट सर्भेका लागि कार्यादेश प्राप्त भयो ।
- ९ वटा झोलुङ्गे पुलहरुको सर्भे सम्पन्न भई प्रमाणित भएको छ ।
- १२ वटा झोलुङ्गे पुलहरु क्रमागत रुपमा निर्माणका लागि प्रकृयामा रहेका छन् ।



सार्वजनिक लेखा परीक्षण



सार्वजनिक समिक्षा

| क्र. स. | निर्माण सम्पन्न झो.पु.को नाम | ठेगाना | प्रदेश |
|---|---|---|---|
| 1 | धोब्लेघाट झो.पु. | विनयी त्रिवेणी गा.पा. ५ | गण्डकी प्रदेश |
| 2 | रकुवाखोला ट्रस पुल | बौदीकाली गा.पा.३ र ४ | गण्डकी प्रदेश |
| 3 | भिरको टोपी झो.पु. | बौदीकाली गा.पा. ४ | गण्डकी प्रदेश |
| 4 | दोभान झो. पु. | बुलिङटार गा.पा. ५ | गण्डकी प्रदेश |
| 5 | गंगाबुद्ध झो.पु. | बर्दघाट न.पा. १४ | लुम्बिनी प्रदेश |

- यसै आ.व. २०७८/०७९ निर्माण हुने गरी सर्भे गर्न निम्न स्थानीय तहहरुबाट १२ वटा झो.पु.को नयाँ कार्यादेश आएको छ ।

| क्र.स. | स्थानीय तह | पुल संख्या | प्रदेश | कैफियत |
|---|---|---|---|---|
| 1 | बुलिङटार गा.पा. | ४ | गण्डकी प्रदेश | |
| 2 | देवचुली न.पा. | ४ | गण्डकी प्रदेश | |
| 3 | विनयी त्रिवेणी गा.पा. | ३ | गण्डकी प्रदेश | |
| 4 | सरावल गा.पा. | १ | लुम्बिनी प्रदेश | |

## ५. पशुवस्तुको मुल्य श्रृंखलामा आधारित साना किसानहरुको संस्था सवलिकरण परियोजना (SLVC-II)

## ५.१ परियोजनाको पृष्ठभूमि/परिचय :

ज्भषभच क्लतभचलबतष्यलबि संगको साझेदारीमा तोकिएको कार्यक्षेत्रका कुनैपनि घर परिवार नछुट्ने र नदोहोरिने नीति सहित महिला समुह गठन गरी ती समुहहरु मार्फत महिलाहरुको सशक्तिकरण, आय आर्जन, दुध तथा खसी बोकाको आयात निश्चित प्रतिशतमा प्रतिस्थापन गर्ने उद्देश्य सहित साना किसान उद्यमी सवलिकरण परियोजना SLVC-I को कार्यान्वयन गरिएको थियो । सो परियोजनाको पहिलो चरणको उपब्धिलाई संस्थागत गर्ने प्रयोजनका लागि अर्को चरण विद्यमान SLVC-II परियोजना संचालित रहेको छ ।

बर्तमान बजार प्रणालीमा किसान (उत्पादक) र बजार प्रतिनिधि (संकलक) का बिचको सम्वन्धमा एक अर्कालाई कसरी कम पैसा दिने वा बढी पैसा कसरी लिने भन्ने बिचको तानतानको अवस्था बाट गुज्रीरहेको छ जसले गर्दा कहिले किसानले उचित मुल्य पाउन सकेका छैनन त कहिले संकलक लाई लगानीको प्रतिफल प्राप्त भएको छैन । यी दुवै कुराले किसान लाई उत्पादन गर्न उत्प्रेरित गर्नु र संकलक लाई ती किसान संग मोलमोलाई गरी उत्पादन खरिद गर्नु को सट्टामा उनिहरु संग व्यवहार गर्नमा निरुत्साहित गरिरहेको हुन्छ । जसको एक मात्र विकल्प कलेक्टिभ मार्केटिंग नै हो, जुन सहकारीहरुले गर्ने प्रयास गरिरहेका छन् । किसानको उत्पादनको उचित मुल्य पाउने सुनिश्चितताले किसानलाई उत्पादनमा प्रेरित गर्दछ । र संकलक प्रतिनिधिले पनि उत्पादन खरिद गर्नका लागि धेरै ठाउँमा डुलेर अतिरिक्त लगानी गर्नुको सट्टा एउटा केन्द्रबाट माल को मोल अनुसार खरिद गरी नियमानुसारको मुनाफा राखी कारोबार गर्दछ । र त्यसैले पनि यो प्रणाली नै सवैका लागी न्यायीक हुन्छ भन्ने बुझाई अहिले छर्लङ्ग भएको छ र यो परियोजनाले सिधा हेर्दा बजारीकरण र सहकारीको संस्थागत विकासमा सघाउने देखिए पनि अप्रत्यक्ष रुपमा उत्पादन र उत्पादकत्वमा पनि सकारात्मक असर पार्नका लागि भूमिका खेलिरहेको छ ।

### ५.२ उद्देश्य :

यस परियोजनाका विभिन्न ५ वटा नतिजा लक्षित उद्देश्यहरु रहेको छन् जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

- साना किसानहरुको संगठन सुदृढिकरण
- लक्षित मूल्य श्रृंखलामा मागमा आधारित आपूर्ति परिमाण गुणस्तर र नीयमितता
- बजार सम्वन्धमा सुधार
- लक्षित मुल्य श्रृंखलाका तहहरुमा बस्तुको मुल्य थप

- लक्षित श्रृंखलाका क्षेत्रहरुमा सकारात्मक वातावरण सृजना

## ५.३ यस वर्ष सञ्चालन गरिएका क्रियाकलापहरु :

| क्र.सं | क्रियाकलाप | ईकाई | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|
| १ | परियोजना व्यवस्थापन तथा समन्वय समिति (पि एम सि सि) वैठक | वटा | ४ | १ | |
| २ | समुह अगुवाहरुको सञ्जाल वैठक | वटा | ३० | ३० | |
| ३ | सहकारीको क्षमता मापन कार्यशालाको समिक्षा | वटा | ६ | ६ | ३ वटा सहकारी श्रोत |
| ४ | व्यापारीहरु संगको वैठक | वटा | ६ | ६ | २ वटा सहकारी श्रोत |
| ५ | व्यवसाय प्रवर्द्धन अनुदान (तरकारी) | वटा | १ | १ | १०१६१२१ |
| ६ | सहकारी संकलित बजारीकरण अभियान | वटा | ४ | ४ | |
| ७ | सहभागितामुलक स्व समिक्षा तथा योजना तर्जुमा | वटा | ५ | ५ | सहकारी श्रोत |
| ८ | सहकारीका साना मझौला किसान (ऋणी सदस्यहरु) संग समिक्षा वैठक | वटा | ८ | ८ | |
| ९ | डेरी प्रवर्द्धन सहयोग कार्यक्रम (मिलान कोष) संकलन केन्द्र र विविधिकरण | पटक | २ | २ | ६५०००० |
| १० | तरकारी संकलन केन्द्र निर्माण मिलानकोष | पटक | १ | १ | ३५०००० |
| | **जम्मा** | | **६७** | **६७** | |

## ५.४ लक्ष्य र उपलब्धीको विश्लेषण:

यस वर्षको विस्तृत कार्यन्वयन योजनामा भएका केही क्रियाकलापहरु कार्यान्वयन भएका छन भने केही क्रियाकलापहरु विश्व महामारीका (कोभिड १९) का कारणले स्थगित भएका छन् । संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले आव्हान गरेको लकडाउन संगै संस्थाले लिएको वर्क फ्रम होम रणनीतिले भौतिक रुपमा कार्यस्थलमा काम गर्न नसकेपनी टाढैबाट गर्न सकिने कामहरु भौतिक संरचना निर्माणका लागि मिलानकोष, व्यवसाय प्रवर्द्धनका लागि अनुदान लगायतका बजेटरी क्रियाकलापहरु सम्पादन गरियो । बजेट अनुरुपको उपलब्धि तल छुट्टै उल्लेख गरिएको छ ।

## ५.५ मुख्य उपलब्धिहरु :

- परियोजनाका लाभान्वित परिवार संख्यामा वृद्धि भएको छ गत वर्ष ५८७७ जना सदस्यहरु सहकारीमा आवद्ध भएकामा यस वर्ष सो अंक बढेर ६०४९ पुगेको छ ।
- सहकारीहरुले विगतका वर्षहरु जस्तै यस वर्ष पनि खसिबोकाको नियमित खरिद र बिक्रीको कार्यलाई पनि निरन्तरता दिईरहे । प्रतिकूल अवस्थाका कारण लक्षित कारोबारमा आधाजसो मात्र उपलब्धि हासिल भयो ।

- लेकवेशी सहकारीको तरकारी संकलन केन्द्र वनेको छ। हिमालयन सामुदायिक विकास मञ्च तथा हेफर ईन्टरनेशनल को ३ लाख ५० हजार सहयोगमा तरकारी संकलन केन्द्र निर्माण सम्पन्न भएको हो ।
- यस वर्ष मात्र १६ वटा नयाँ समुह निर्माण भएका छन भने ३४८ जना महिला हरुले सहकारीको सदस्यता प्राप्त गर्नु भएको छ ।
- गत वर्षको अन्त्य सम्म परियोजनाका ६ वटा सहकारीका ५७२७ जना सदस्य आवद्ध भएकोमा हाल सम्म ६०८६ पुगेको छ ।
- यस वर्ष मात्र सहकारी र तिनका प्राविधिक बाट २१०० जना किसान सदस्यहरुले प्राविधिक सेवा लिएका छन् ।
- जौवारी सहकारीको कार्यक्षेत्रमा सहकारीले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाबाट रु. १००७३० अनुदान प्राप्त गरेको छ भने मुख्यमन्त्री वातावरण मैत्री नमुना गाउँ कार्यक्रमबाट रु. १४७३३६३ को साझेदारी गरेको छ। त्यस्तै कृषि ज्ञान केन्द्र बाट रु. ३२०५५७ बराबरको साना सिंचाईका लागि पाईप लगायतका सामान प्राप्त गरि सदस्यहरुमा वितरण गरिएको छ ।
- यस वर्ष सहकारीहरु मार्फत १०६१ बाखा तथा ९८ गाई भैंसीको विमा गरिएको छ ।
- यस वर्ष सहकारीहरुको कार्यक्षेत्रमा १ करोड १ लाख रुपैया थोक कर्जा प्रवाह भएको छ भने, प्रत्यक्ष ऋण तर्फ २ करोड ४५ लाख २० हजार रुपैया बितरण भएको छ। गत वर्ष १ करोड ९४ लाख ५० हजार भएको मा हाल सम्म जम्मा ४ करोड ५४ लाख ७० हजार पुगेको छ ।
- यो वर्ष संस्थाको सहजीकरणमा सहकारीहरुले विभिन्न संघ संस्थाहरुमा प्रस्तावना पेश गरी विभिन्न शिर्षकमा जम्मा रु ५६ लाख ३१ हजार ७६७ रुपैया रकम बाह्य श्रोतबाट प्राप्त गरेको छ ।
- यो वर्ष पनि सहकारीहरुले खसि बोका मात्र नभई तपसिल वमोजिमका अन्य उत्पादन तथा उत्पादन सहयोग सामाग्रीको खरिद तथा विक्रि गरेका छन् ।

| क्र.सं | सहकारीको नाम | खरिद विक्रि गरेको वस्तु | परिमाण (किलोग्राम) |
|---|---|---|---|
| १ | हुप्सेकोट सा.म.ब.स.स | अदुवा | ४६९१ |
| | | कोदो | १८५२ |
| २ | अरुणज्योती सा.उ.म.स.स | घाँस विरुवा | १८५० |
| ३ | जौवारी बहुउद्देश्यीय स.स. | सुन्तला | ३२४० |
| | | अदुवा/सोठी | ४४५५० |
| ४ | लेकवेशी सहकारी | रासायनीक मल | ५००० |
| | | घाँसको बिउ | ३२० |

| | | | |
|---|---|---|---|
| ५ | सकलादेवी सा.उ.म.स.सं | दुध | ४३०४७३ |
| | | दाना चापट | २३२३८५ |
| | | मल | १०५४८ |

- यस वर्ष सकलादेवी सहकारीको लागि दुध संकलन चिस्यान तथा अन्य व्यवसाय विकासका सेवाहरुको लागि भवन (टहरो) निर्माण सम्पन्न भएको छ ।
- सहकारीको कार्यालयभवन निर्माणका लागि समेत फाउण्डेशनको काम सकिएको र आगामी बर्षका लागि समेत नगरपालिका बाट रु १०,००,०००। बजेट विनियोजन स्विकृत भइसकेको छ ।
- सकलादेवी सहकारी र अरुणज्योती सहकारीले नेपाल लाईभ स्टक सेक्टर इन्नोभेसन आयोजनामा पेश गरेको करिब ३ करोड रुपैया बराबरको उपआयोजना प्रस्ताव स्विकृत भई सकेको छ ।

**५.६ समग्र सिकाई :**

- वार्षिक योजनामा भएका बजेट तथा क्रियाकलापहरु जति सक्यो छिटो गरेर काम सकेर वस्न ठिक हुँदो रहेछ पछिको कुनै निशिचित नहुने रहेछ भन्ने सिकाई भएको छ । यस वर्ष कोरोनाका कारण केही क्रियाकलापहरु गर्न सकिएन ।
- समुदायमा हाम्रा लागि संधै भरी गर्ने हामीले नै हो संघ संस्था र परियोजना केही समयका लागि मात्र हो भन्ने महशुस गराउन आवश्यक छ भन्ने सिकाई भएको छ ।
- सहकारीहरु आफैमा तथ्यांकमा आधारित भएन भने सहकारीमार्फत प्रस्तावना पेश गर्ने र बजारीकरणको योजना लक्ष्यमा पुग्न गाह्रे हुन्छ । तथ्यांकका लागि विभिन्न समुह अगुवा संजाल वैठक जस्ता संरचना लाई सहकारीले आत्मिकरण गर्न जरुरी छ भन्ने सिकाई भएको छ ।
- यसपालिको महत्वपूर्ण सिकाई अन्तर्गत कोभिडका कारण भौतिक रुपमा उपस्थित हुन नसके पनि विभिन्न विद्युतिय माध्यमको प्रयोगबाट आवश्यक सहयोग परामर्श तथा मार्गदर्शन मार्फत सहजीकरण गरी सहयोग पुर्‍याउने कुरा पनि तुलनात्मक रुपमा सन्तोषजनक रुपमा प्रभावकारी हुने रहेछ ।

**५.७ समग्र चुनौतीहरु :**

- यस वर्षको पनि सवै भन्दा ठूलो चुनौती कोरोना भाईरस संक्रमण जोखिमका बिच कार्यक्रम सम्पन्न गर्ने दवाव रह्यो ।
- प्रतिकुल अवस्थाका कारण सहकारीहरुले विभिन्न निकाय बाट प्राप्त गरेका अनुदान तथा कार्यक्रमहरु को कार्यन्वयन र फरफारक गर्ने विषय चुनौतिपूर्ण भयो ।
- विभिन्न क्षेत्रमा लगानीगर्न लिएको ऋणको सदुपयोगिताको सुनिश्चितता गर्ने कार्य चुनौति पूर्ण छ ।
- बाहिरबाट आएका ठूला वैंक, लघु वित्त तथा वित्तिय संस्थाहरुसंग प्रतिश्पर्धा गर्न साना किसानहरुको सहकारी लाई तुलनात्मक रुपमा अप्ठ्यारो छ ।

**५.८ भावि योजना :**

हेफर साझेदारी तर्फ आगामी वर्षका लागि ४४ लाख र सहकारी को आन्तरिक श्रोत र विभिन्न सरकारी तथा अन्य निकायबाट साझेदारीमा गरी ५ लाख जती बराबरका अघिल्ला वर्षमा गरिएका महत्वपूर्ण र प्रभावकारी कार्यक्रमहरु लाई निरन्तरता दिने योजना रहेको छ । केही कमजोर सहकारीहरुका लागि उस्तै प्रकृतिको क्रियाकलापका लागि पनि केही रकम व्यवस्था गरिएको छ भने केही अलि संस्थागत सहकारीहरुका लागि उनीहरुकै खर्चमा यस्ता गतिबिधि र क्रियाकलाप सञ्चालन गरिने छ ।

यसका निम्ति नियमित विस्तृत योजना कार्यान्वयन का लागि विगत वर्षहरुको सिकाईलाई थप प्रभावकारी वनाई निरन्तरता दिने र सुधार योग्य कुराहरु लाई सुधार गर्दै अगाडी बढ्ने कुरा लाई निरन्तरता दिईने छ । सरोकारवालाहरु संगको सम्पर्क समन्वय, र साझेदारी को विगतको अभ्यास लाई पनि प्रभावकारी ढंगले अगाडी बढाईने छ ।

**५.९ जम्मा वार्षिक बजेट योजना, खर्च र प्रगती :**

- परियोजनाको कुल बजेट : २,०८,५५,२९६ (स्थानीय श्रोत सहभागिता समेत)
- हेफर बजेट : १,२६,५१,३५०।
- स्थानीय सरकारको सहभागिता योजना : ८२,०३,९४६।
- हाल सम्मको उपलब्धि : १,९२,३६,४२१।
- यस वर्षको बजेट : ४३,७१,७७०।
- यस वर्षको खर्च : ४३,००,०४२।
- खर्च प्रतिशत : ९८.३६

**लाभान्वित जनसंख्याः (आ.ब. २०७७/०७८)**

| घरधुरी | | | | | जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| दलित | जनजाती | मधेशी | ब्राह्मण क्षेत्री | जम्मा | महिला | पुरुष | जम्मा |
| ५०६ | ४२९९ | ० | १२३४ | ६०४९ | ५७४२ | ३०७ | ६०४९ |

# WASH कार्यक्रम

## १. पृष्ठभुमी

हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ) ले सरकारी तथा गैर सरकारी संघ संस्थासँगको साझेदारीमा संचालन गरेको कार्यक्रमहरु मध्ये **"Transformational change throughy wash services in Nawalparasi"** वा छोटकरीमा भन्दा WASH पनि एक हो । Action Against Hunger को सहयोगमा संचालित यो कार्यक्रम मिति सन् २०२० को जनवरी देखी २०२१ को अगष्ट सम्म बौंदीकाली गाउपालिकाका छ वटै वडाहरुमा संचालित भयो । मुख्यतया खानेपानी, सरसफाई तथा स्वच्छता प्रर्वद्धनमा काम गर्ने यस परियोजना मार्फत छ वटै वडाका महिला स्गास्थ्य स्वयंसेवीकाहरुको परिचालन गरेरमहिला तथा बालबालिकाको क्षेत्रमा पोषण तथा सरसफाईको जनचेतना फैलाउने काम समेत भएको थियो । ठुला निर्माणका काममा चाही तीन वटा वडाका जम्मा १००० भन्दा बढी घरधुरीमा बहुपयोगी खानेपानी प्रणाली MUS अवधारणामा धारा

जडान एक घर एक धारा तथा करेशाबारी सिंचाई सुविधा उपलब्ध गराईयो । हालसम्म यस भेगमा भएगरेका भन्दा पृथक प्रणाली मार्फत गरिएको यो १५ महिने परियोजना सम्पन्न गर्ने क्रममा कोभिड-१९ लगायतका कारणले केही समय लम्बिएर August २०२१ (१८ महिना) मा हालै मात्र सम्पन्न भएको छ । यस परियोजनाको सारांशमा उपलब्धिहरुलाइ यस वार्षिक प्रतिवेदनमा समेटिएको छ ।

## २. परियोजना सारांश

| | |
|---|---|
| परियोजना अवधिः | जनवरी २०२० देखी अगष्ट २०२१ सम्मा |
| साझेदार दातृ संस्थाः | एक्शन अगेन्स्ट हंगर (Action Against Hunger, ACF) |
| कार्यक्षेत्रः | बौंदीकाली गाउँपालिकाका छ वटै वडाहरु |
| प्रत्यक्ष लाभान्वित जनसंख्याः | ८३२५ जना |
| कूल बजेटः | रु. १,९९,४२,४५६।०० |
| सहकार्य गर्ने निकायः | बौंदीकाली गाउँपालिका, वडा कार्यालय तथा स्थानीय उपभोक्ता समुहहरु |

## ३. परियोजनाले लिएको लक्ष्य

विशेष गरी ग्रामीण क्षेत्रमा सामाजिक विकासको रुपमा पछाडि परेका विपन्न एवम् वञ्चितमा परेका सीमान्तकृत समुदायको स्वास्थ्य अवश्थामा सुधार ल्याउनका निमित्त भौतिक निर्माण तथा सामाजिक सचेतना विकास गर्नका लागि यस परियोजनाले निम्न बमोजिमको लक्ष्य लिएको थियो ।

- खानेपानीको कठिनाई भोगिरहेका वडा नम्बर १, ५ र ६ का १००० भन्दा बढी घरधुरीमा बहुपयोगी खानेपानी प्रणाली मार्फत स्वच्छ खानेपानी तथा करेशाबारी सिंचाइको सुविधा पुऱ्याउने
- गाउँपालिकाका छ नै वटा वडाका महिला स्वास्थ्य स्वयंसेविका मार्फत महिला तथा बालबालिकामा पोषण तथा स्वास्थ्य शिक्षा उपलब्ध गराउने
- सामुदायिक विद्यालय हरुका खानेपानी प्रणालीमा आवश्यक मर्मत तथा सुधार गरी स्वच्छता प्रर्वद्धन गर्ने
- आकस्मिक रुपमा फैलिएको विश्वव्यापी महामारी कोभिड १९ को प्रतिकार्य गर्न स्थानीय निकायलाई मद्दत गर्ने

## ४. परियोजनाका लक्षित वर्ग

- गर्भवती महिला
- २ वर्ष मुनिका बालबालिका
- विद्यालय स्तरका विद्यार्थीहरु तथा किशान
- वडा नं १ (शान्तिटोल), ५ (हवर्ले) र ६ (नगरडाँडा) का खानेपानी उपभोक्ता समितिहरु

## ५. परियोजना मार्फत भएका मुख्य उपलब्धिहरुः

- नगरडाँडा, हर्वले र शान्तिटोल बहुउपयोगी खानेपानी आयोजनाको भौतिक संरचना निर्माण तथा हस्तान्तरण ।
- गर्भवती तथा स्तनपान गराउने २०० जना महिलाहरुका लागि स्वच्छता प्रर्वद्धन जनचेतना अभिवृद्धि
- उपरोक्त मूख्य तीनवटा बाहेकका ७ वटा विद्यालयमा खानेपानी तथा सरसफाई सहयोग

- गाउँपालिका भरी नै कोभिड १९ को जनचेतना अभिवृद्धि र नगद तथा सामाग्री वितरण ।

- MUS का सबै घरधुरीका लागि करेशाबारी तालिम तथा विउ वितरण तथा ३० थान प्लाष्टिक टनेल वितरण

६. **परियोजनाको उपलब्धिलाई दिगो बनाउनका लागि गरिएका पहलहरुः**

- प्रत्येक योजनाका लागि २-२ जना तालिम प्राप्त ग्रामिण खानेपानी मर्मत कार्यकर्ता को व्यवश्था

- खानेपानी महशुल संकलनका लागि मिटर जडित एक घर एक धारा प्रणाली

- मर्मत तथा संभार कोषमा उपभोक्ताका हरेक घर बाट १-१ हजारका दरले कोष संकलन र सो संकलित रकमको दोव्वर परियोजनाका तर्फबाट योगदान

- नगरडाँडामा निर्माण पश्चात बाढिले बगाएको ईन्टेक ट्यांकीको लागि पुनः डिजाईन ईष्टिमेट गरी आवश्यक रकमको व्यवश्था

- महशुल संकलन तथा मर्मत कार्यकर्तालाई आवश्यक सर सामाग्री व्यवश्था, पारिश्रमिकको लागि सुझाव

**७. कार्यक्रम संचालन गर्ने क्रममा आइपरेका कठिनाईहरु**

- कोभिड-१९ का कारणले भएको पटक पटक तथा लामो बन्दावन्दी

- वर्षातका समयमा पहाडी क्षेत्रको बाटाहरु पूर्णरुपमा बन्द, यातायातको कठिनाई

- निर्माण सम्पन्न भईसकेका खानेपानी योजनामा भएको भौतिक क्षति

- निर्माण सामाग्रीको लागि कुर्नु पर्ने समयका कारण भएको ढिलाई

**८. आगामी दिनका लागि स्थानीय निकायलाइ सुझाव वा अपेक्षाहरु**

प्रथमःत ACF तथा हिकोडेफ कार्यक्रम संचालन अवधिभर गाउँपालिका, वडा कार्यालयहरु, उपभोक्ता समितिहरु, सामाग्री आपूर्तीकर्ता तथा स्थानीय समुदायबाट भएको सहकार्य, सहयोग तथा धैर्यताको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछ । यसको दिगोपनका लागि आगामी दिनमा निम्न अपेक्षा गर्दछौं ।

- मूल दर्ता तथा संरक्षण सहजीकरण


- नगरडाँडाको ईन्टेक ट्यांकी निर्माण तथा संचालनको सुनिश्चितता

- महशुल दर, नियमित संकलन तथा मर्मत कार्यकर्तालाई पारिश्रमिक तय

- नियमित अनुगमन तथा पृष्ठपोषण

- आवश्यकतानुसारका अन्य आवश्यक सहयोग

## १०. कार्यक्रमका झलकहरु










## हिमालयन सामुदायिक विकास मन्च (हिकोडेफ) वार्षिक बजेट २०७७-०७८

| क्र. सं. | परियोजनाको नाम | स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|
| १ | सुरक्षित आप्रवासन (सामी) | ८९,२२,४५८ | |
| २ | SLVC-II | ४३,३७,४७५ | |
| ३ | LFAP | १८,९०,७११ | |
| ४ | झोलुंगे पुल कार्यक्रम | ११,१४,९६१ | |
| ५ | वास तथा कोरोना प्रतिकार्य | १,४८,२१,७६२ | |
| ६ | कोभिड-१९ पछिको आर्थिक पुर्नलाभ कार्यक्रम | ३४,२६,९३३ | |
| ७ | जम्मा | ३,४७,२५,२४० | |

## कर्मचारी संख्या ०७७-०७८

| क्र. सं. | परियोजनाको नाम | कर्मचारी संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | महिला | पुरुष | पूर्णकालिन | आंशिक | जम्मा |
| १ | **हिकोडेफ आन्तरिक** | **०** | **२** | **१** | **१** | **२** | **३** | **०** | **३** |
| २ | सुरक्षित आप्रवासन (सामी) | १ | ९ | १५ | १३ | १२ | २५ | **०** | **२५** |
| ३ | SLVC-II | ० | २ | २ | १ | ३ | २ | २ | **४** |
| ४ | LFAP | ० | १ | २ | ० | ३ | १ | २ | **३** |
| ५ | झोलुंगे पुल कार्यक्रम | १ | ० | २ | ० | ३ | ३ | ० | **३** |
| ६ | वास तथा कोरोना प्रतिकार्य | ० | ३ | ३ | २ | ४ | ३ | ३ | **६** |
| ७ | कोभिड-१९ पछिको आर्थिक पुर्नलाभ कार्यक्रम | ० | २ | ७ | २ | ७ | ८ | १ | **९** |
| | जम्मा | २ | १९ | ३२ | १९ | ३४ | **४५** | ८ | **५३** |